फोन नं :- ०८२५४००५०
०८२५४०८५०

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही,दाङ
५ न. प्रदेश नेपाल

पत्र. स. ०७६।०७७
च. नं. १६८०

सूचना ! सूचना !! सूचना !!!

मिति: २०७६।०९।१८

**विषय: विद्यालय अनुमति तथा कक्षा थपको लागि निवेदन पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नयाँ शैक्षिक सत्र २०७७ देखि नयाँ विद्यालय र कक्षा थप गर्न चाहने विद्यालय, व्यक्ति तथा संस्थाले शिक्षा ऐन २०२८(संसोधन सहित) एवं शिक्षा नियमावली २०५९(संसोधित) र यस लमही नगरपालिकाको संस्थागत विद्यालय सन्चालन अनुभति कार्यविधि,२०७४ को दफा ३.१ मा भएको व्यवस्था बमोजिम देहायका कागजात सहित तोकिएको ढाँचामा नयाँ विद्यालय तथा तह थपको लागि मिति २०७६ पौष मसान्त र कक्षा थपको लागि मिति २०७६ माघ मसान्तसम्म यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरुः

१. निर्धारित ढाँचाको निवेदन,
२. गुठी अन्तरगत विद्यालय संचालन गर्ने भए गुठी दर्ता प्रमाण पत्र र गुठी विधान प्रतिलिपी, कम्पनी अन्तरगत सन्चालित विद्यालयको हकमा कम्पनी दर्ताको प्रमाणपत्र
३. संस्थागत विद्यालयको हकमा लेखा परिक्षण प्रतिवेदन, कर चुक्ताको प्रमाणपत्र, व्यवसाय दर्ता र नवीकरण
४. विद्यालय सन्चालनको लागि जग्गा वा भवन भाडामा लिएको भए कम्तिमा ५ वर्षको लागि जग्गा वा घर धनीसंगको सम्झौतापत्र
५. नयाँ विद्यालयको हकमा प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा
६. सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र
७. नजिकमा रहेका सोही तह सन्चालित कम्तिमा २ वटा विद्यालयको सहमति पत्र
८. विद्यालय सन्चालनको लागि आवश्यक आयस्रोत खुलेका पत्र
९. शिक्षक व्यवस्थापनको सुनिश्चिततताको प्रमाणपत्र
१०. कक्षा थपको लागि तल्लो कक्षा अनुमतिपत्रको प्रतिलिपी
११. संस्थागत विदालयको हकमा विगतका वर्षमा छात्रवृत्ति वितरण गरेको विवरण

०७६।९।१८
प्रमुख प्रशासकीय अधिकृत